धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक   जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६१/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य
कुनै गुनासो भएमा कल गर्नु पर्दैन।
९८५११२०८५०
भाईबरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

ई- पेपर हेर्नका लागी

वर्ष १९, अङ्क ३२१ ◆ २०८० जेष्ठ २१ आइतबार ◆ Sunday, June 4, 2023 ◆ ने सं ११४३ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## राष्ट्रपति पौडेलको नागरिक अभिनन्दन हुने

जनकपुरधाम । राष्ट्रपति रामचन्द्र पौडेलको जनकपुरधाममा नागरिक अभिनन्दन हुने भएको छ ।

उद्योग वाणिज्य सङ्घ धनुषामा शनिबार भएको सर्वदलीय बैठकमा यही जेठ ३१ गते जनकपुरधाममा राष्ट्रपतिको नागरिक अभिनन्दन गर्ने सर्वपक्षीय सहमति भएको प्रतिनिधिसभा सांसद तथा नेपाली कांग्रेसका नेता विमलेन्द्र निधिले जानकारी दिनुभयो ।

उहाँले नागरिकताविहीन लाखौं युवाको समस्या समाधान गरी जनकपुरधाम आउन लाग्नुभएका राष्ट्रपति पौडेललाई मधेसवासीले भव्य स्वागत गर्नुपर्ने प्रस्तावमा सबै दलले सहमति जनाएको बताउनुभयो । त्यस अवसरमा मधेस प्रदेशसभा सदस्य रामसरोज यादव राष्ट्रपतिको भ्रमणलाई भव्य र सभ्य बनाउन पहलकदमी लिन प्रयास गरिने बताउनुभयो ।

प्रतिनिधिसभा सांसद र प्रदेशसभा सदस्यहरूसहितको मूल समिति र अन्य उपसमिति बनाएर राष्ट्रपतिको जानकी मन्दिरको पूजापाठदेखि तिरहुतिया गाछीमा हुने भव्य स्वागत र नागरिक अभिनन्दनको तयारी गर्ने निर्णय गरिएको बताउनुभयो । बैठकले नागरिकता विधेयक प्रमाणीकरण गरेकोमा राष्ट्रपतिलाई धन्यवाद ज्ञापन र मूल समारोह समितिको निर्णयअनुसार जनकपुरधामको एउटा चोकमा राष्ट्रपतिद्वारा झन्डा फहराइने निर्णय गरिएको साहले जानकारी दिनुभयो ।

जनकपुरधाम विमानस्थलबाट जानकी मन्दिर र मन्दिरदेखि तिरहुतिया गाछीसम्म सडकको दुवै छेउमा राष्ट्रिय झण्डासहित उभिएर नागरिक अभिनन्दन गर्न सबै दलले आआफ्ना कार्यकर्ता र स्थानीय समाजलाई परिचालन गरिने निर्णय भएको छ ।

## धनुषामा विपद् पूर्व तयारी थालियो

# गर्मीमा पौडने क्रममा मृत्यु हुनेको संख्या दिनानुदिन बढ्दै

❑ *प्रत्यूष समाचारदाता*

जनकपुरधाम । प्रचण्ड गर्मी छ्लन अहिले जनकपुरधामका युवा नजिकैको गङ्गासागरमा नुहाउन जान्छन् । यसै क्रममा शनिबार नुहाउन गएका तीन युवा पौडी खेल्न नजानेर पानीमा डुब्छन् ।

यो खबर पाएलगत्तै जिल्ला आपत्तकालीन कार्य सञ्चालन केन्द्र धनुषाले खटाएका तीनवटै सुरक्षा निकायका तालिम प्राप्त उद्धारकर्मीले सुरक्षित रुपमा उद्धार गर्छन् । सोही गङ्गासागरमा रबरबोटमा केही युवा आउँछन् । त्यो रमाइलो पललाई टिकटकमा कैद गर्न व्यस्त युवाले सावधानी नअपनाउँदा डङ्गा सन्तुलन गुमाएर बीच भागमा पल्टिन्छ । डुब्दै गरेका युवा जीवन रक्षाको याचना गर्छन् । यो खबर एकैछिनमा सबैतिर फैलिन्छ र मोटरसहितको डुङ्गा लिएर सुरक्षाकर्मी घटनास्थलमा पुग्छन् ।

त्यसैगरी धनुषाको क्षिरेश्वरनाथ नगरपालिका-९ स्थित जल्लाद खोलामा अचानक बाढी आउँदा केही व्यक्ति डुबिरहेको खबर आउँछ । सुरक्षाकर्मीले तत्काल उद्धार त गर्छन् तर फर्किने क्रममा आफैं दुर्घटनामा पर्छन् । त्यस्तो विषम परिस्थितिमा पनि उद्धार टोलीले रबरबोटमा रहेको 'रिलिफ लाइन' को प्रयोगगरी सामान्य अवस्थामा ल्याउँछन् र पीडितलाई सुरक्षित स्थानतर्फ लिन्छन् । डुबानका घटना सेलाउन नपाउँदै अविरल वर्षाका कारण जिल्लाको मुखियापट्टी मुसहरनीया गाउँपालिकास्थित मुसहर्नियाँ टोलमा जमुनी खोलाको बाँध फुटेर एक्कासि आएको बाढीले घरैसहित केही मानिसलाई बगाउँछ । केही समयपछि तालिम प्राप्त उद्धारकर्मी घटनास्थलमा पुगी नागरिकको उद्धार गर्छन् । जनकपुरधामस्थित गङ्गासागरमा आज यस्तै कृत्रिम अभ्यास गरियो । विपद् जोखिम न्यूनीकरणको तयारी स्वरूप विपद्बाट जोगिन 'विपद् पूर्वतयारी तथा राहत वितरणसम्बन्धी अभ्यास'का क्रममा यस्ता घटना देखाइएका थिए । घटना कृत्रिम भए पनि तराई-मधेशका अधिकांश जिल्लामा हरेक वर्षायाममा यस्तै दुखद खबर सुनिन्छन् । बाढीका दृष्टिकोणले निक्कै जोखिममा रहेको धनुषामा पनि प्रत्येक वर्ष वर्षातको समयमा विभिन्न नदीका बाँध फुटेर धेरै गाउँ बस्ती डुबानमा पर्ने गरेका छन् । मुख्यगरी कमला, जमुनी, औरही, वडहरि, बसही तथा जल्लाद खोलामा आउने बाढीले बर्सेनि ठूलो धनजनको क्षति हुँदै आइरहेको धनुषाका प्रमुख जिल्ला अधिकारी काशिराज दाहालले जानकारी दिनुभयो ।

जिल्ला विपद् व्यवस्थापन समितिले दिएको जानकारी अनुसार यहाँका १८ स्थानीय तहमध्ये जनकनन्दनी, मुखियापट्टी मुसहरनिया र धनौजी गाउँपालिका तथा कमला, सबैला, शहीदनगर र नगराइन् नगरपालिका गरी सात स्थानीय तह उच्च जोखिममा छन् ।

औरही गाउँपालिका तथा धनुषाधाम, गणेशमान चारनाथ र विदेह नगरपालिका तथा जनकपुरधाम उपमहानगरपालिका गरी पाँच मध्यम जोखिम र मिथिला, मिथिला बिहारी, हंसपुर एवं क्षीरेश्वरनाथ नगरपालिका तथा लक्ष्मिनियाँ र बटेश्वर गाउँपालिका गरी छ स्थानीय तह न्यून जोखिममा छन् ।

मौसमविदको आकलन अनुसार विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को परिच्छेद ८ नियम १८ उपनियम ३ को खण्ड (क) र (घ) बमोजिम विपद् पूर्व तयारीअन्तर्गत आज प्रदर्शनी आयोजना गरिएको हो ।

जनकपुरधामको गङ्गासागरलाई विभिन्न खोला तथा नदी क्षेत्र मानेर नेपाली सेना, सशस्त्र प्रहरी तथा नेपाल प्रहरीले नेपाल रेडक्रस सोसाइटी र राष्ट्रिय सेवादलको सहभागितामा पूर्व तयारी स्वरूप अभ्यास गरिएको हो ।

त्यसक्रममा रबरबोट, डोरी, लाइफ ज्याकेटसहितका सामग्रीको प्रयोग गरिएको थियो ।

गतवर्ष मात्रै धनुषामा बाढीसहित अन्य विपद्जन्य प्रकोपका कारण दुई सय ३० घटना भएको र विपद्का विभिन्न घटनामा परी १० जनाको ज्यान जानुका साथै रु १३ करोडभन्दा बढी सम्पत्तिको क्षति भएको प्रमुख जिल्ला अधिकारी एवं विपद् व्यवस्थापन समितिका अध्यक्ष दाहालले जानकारी दिनुभयो ।

उहाँले विपद्बाट जोगिन स्थानीय तहसँग मिलेर सबै प्रकारको तयारी भइरहेको बताउनुभयो । कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख राजनन्दन मण्डलले बाढी तथा डुबानको जोखिमबाट जोगिन यहाँका हरेक युवा तथा बालबालिकालाई खोला, नदी तथा पोखरीमा पौडी सिकाउन आवश्यक रहेको बताउनुभयो ।

## विपन्न नागरिक एवम् आकस्मिक उपचारका लागि नि:शुल्क रक्तसञ्चार सेवा सम्बन्धी सूचना !

**बागमती प्रदेशमा स्थायी बसोबास गर्ने आर्थिक रूपले विपन्न व्यक्ति आकस्मिक रूपमा तत्काल उपचारको आवश्यकता भएको व्यक्तिलाई आवश्यक पर्ने रगत, रक्ततत्वमा प्रयोग हुने ब्लड ब्याग र रक्त परिक्षण नि:शुल्क रुपमा उपलब्ध गराईएकाले रक्तसञ्चार सेवा प्रदान गर्ने संस्थाहरूबाट यो सेवा लिनु हुन सम्पूर्णमा जानकारी गराइन्छ ।**

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
हेटौडा मकवानपुर, नेपाल

## तेस्रो रारा ट्रेल रनको उपाधि जुम्लाका अधिकारीलाई

❑ *प्रत्यूष समाचारदाता*

मुगु । पर्यटन प्रवर्द्धन र राराको प्रचारप्रसारका लागि तीन विगत वर्षदेखि आयोजना हुँदै आएको रारा ट्रेल रनको उपाधि जुम्लाका शेरबहादुर अधिकारीले हात पार्नुभएको छ ।

रारा राष्ट्रिय निकुञ्ज सुरक्षार्थ खटिएको नेपाली सेनाको श्री बक्स गुल्म र छायाँनाथ रारा नगरपालिकाले संयुक्तरूपमा आयोजना गरेको तेस्रो रारा ट्रेल रनको उपाधि जुम्लाको हिमा गाउपालिका-६ पातरखोलाका अधिकारीले रारा ताल वरिपरि १६ किलोमिटर दौड ५९ मिनेट २० सेकेन्डमा पार गरी प्रथम उपाधि हासिल गर्नुभएको हो ।

उक्त प्रतियोगितामा दुई सय २२ जना खेलाडी सहभागी रहेको श्री बक्स गुल्म हुटु राराका गुल्मपति डोलराज श्रेष्ठले जानकारी दिनुभयो । प्रतियोगितामा जुम्ला कनकासुन्दरी गाउँपालिका-३ का शेरबहादुर बुढाले एक घण्टा १२ सेकेन्डमा पार गरी द्वोस्रो र तेस्रो उपाधि जुम्लाकै पातारासी गाउँपालिका-५ का दीपेन्द्र बोहोराले हात पार्नुभएको छ । बोहोराले एक घण्टा एक मिनेट २१ सेकेन्डमा पार गरेको श्री दल गुल्मले जानकारी दिएको छ ।

त्यसैगरी महिलातर्फ जुम्लाको गुठिचौर गाउँपालिका-३ की राज्यलक्ष्मी रावलले पहिलो उपाधि हात पार्नुभयो । १६ किलोमिटर रावलले एक घण्टा १३ मिनेट ५२ सेकेन्डमा पार गर्नुभएको थियो । यस्तै दोस्रो स्थानमा जुम्लाकै तिला गाउँपालिक-९ की अनिता बुढा एक घण्टा १४ मिनेट २१ सेकेन्डमा र तेस्रो स्थानमा जुम्लाकै पातारासी गाउँपालिका- २ की समिता बुढाले एक घण्टा १६ मिनेट ३७ सेकेन्डमा पार गर्नुभएको थियो ।

विजेता पुरुष तथा महिला खेलाडीलाई प्रथम, दोस्रो र तेस्रोलाई क्रमशः रु ४० हजार ३० हजार २० हजार रकम पुरस्कार तथा प्रमाणपत्र प्रदान गरिएको आयोजकले जनाएको छ । नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र कर्णाली प्रदेशका अन्य खेलाडी गरी दुई सय २२ जना सहभागीमध्ये पहिलो दोस्रो र तेस्रो पुरुष तथा महिला उपाधि सबै जुम्ला जिल्लाका खेलाडीले हात पारेका छन् ।

## माइतीघरमा सहकारी पीडितहरुको प्रदर्शन

काठमाडौं । सहकारी पीडित नागरिकहरुले आफ्नो बचत रकम फिर्ताको माग राखेर शनिबार माइतीघरमा प्रदर्शन गरेका छन् । सहकारी पीडित बचतकर्ता महासङ्घ सङ्घर्ष समितिको आह्वानमा पीडितहरुले आफ्नो बचत फिर्ताको माग राख्दै उक्त प्रदर्शन गरेका हुन् ।

उनीहरुले आफ्नो रकम फिर्ताका लागि सरकारले पहल गर्न या सरकारले नै फिर्ता दिनुपर्ने व्यवस्था गर्न माग गरेका हुन् । यसैका दबाबस्वरुप प्रदर्शनमा उत्रिन बाध्य भएको उनीहरुको भनाइ थियो । पीडितहरुले हिजो मध्याह्न माइतीघरदेखि बानेश्वर सम्म प्रदर्शन गरेका थिए । सहकारीहरुले खाएर भागेको बचत फिर्ताको लागि पालिकादेखि केन्द्र सरकारका निकायका ढोकामा पुग्दासमेत आफूहरुले गरेको बचत फिर्ता नभएको भन्दै धर्ना तथा प्रदर्शन गरेको सङ्घर्ष समितिका अध्यक्ष सुनितासिंह राजभण्डारीले बताउनुभयो ।

उहाँले भन्नुभयो, "सहकारीको बचत फिर्ताको लागि राज्यका सबै निकाय धायौं तर कतै पनि सुनुवाइ नहुँदा पीडितहरु सडक आन्दोलनमा आउन बाध्य भए ।" सहकारीहरुलाई नियन्त्रण गर्ने एउटा मात्रै निकाय बनाउनुपर्ने र सहकारीहरुले बनाउने निजी ऐन बन्द गर्नुपर्ने पीडितहरुको माग रहेको छ । काठमाडौं महानगरपालिका, वडा कार्यालय र प्रदेश सरकारसम्म न्याय माग्न जाँदा सुनुवाइ कतैबाट पनि नभएको पीडतहरुको गुनासो रहेको छ । आफूहरुले जम्मा गरेको यस्तो सानो तिनो रकम कुनै अवैध कमाइ या कालोधन नभएकाले सरकारले नै पीडितहरुका समस्याको सम्बोधन गर्नुपर्ने माग रहेको छ ।

## सम्पादकीय ....

### कृषि लक्षित बजेट

चालु आर्थिक वर्षका लागि ५५ अर्ब ९७ करोड बजेट विनियोजन गरिएको थियो । अर्थतन्त्रमा सबैभन्दा धेरै योगदान पु-याउने कृषि क्षेत्र खुम्चँदै गएको अवस्थामा सरकारले उच्च प्राथमिकता दिई बजेट विनियोजन गरेको छ । 'उत्पादन साथमा, अनुदान हातमा' भन्ने नाराका साथ बजेटले कृषि अनुदानलाई उत्पादनमा आधारित लक्ष्य राखेको छ।

अर्थमन्त्री डा प्रकाशशरण महतले आर्थिक वर्ष २०८०/८१ को बजेट प्रस्तुत गर्नुभएको छ। सरकारले कृषिमा आमूल परिवर्तन गर्न कृषि तथा पशुपन्छी विकास मन्त्रालयका लागि ५८ अर्ब ९८ करोड विनियोजन गरेको छ।

पछिल्लो १० वर्षमा देशको कुल गार्हस्थ उत्पादन (जिडिपी) मा कृषिको योगदान घट्दै गएको छ। आर्थिक वर्ष २०७८/७९ मा जीडीपीमा कृषिको योगदान २३.९५ प्रतिशत रहेको छ। यो पछिल्लो १० वर्षयताकै कम हो। त्यस्तै कृषि क्षेत्रको वृद्धिदर २.२३ प्रतिशतमा सीमित भएको छ।

सरकारले कृषि क्षेत्रको रूपान्तरणमा उच्चतम कोसिस गर्ने नीति बजेटमार्फत विभिन्न कार्यक्रम अघि सारेको छ। कृषि उत्पादकत्व वृद्धि गरी आयात प्रतिस्थापन गर्ने उद्देश्यले विगत छ वर्षदेखि सञ्चालित प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनालाई तीन अर्ब २२ करोड विनियोजन गरेको छ। यो परियोजना अन्तर्गत १६ वटा सुपरजोन, एक सय ७७ वटा जोन ६६० ब्लक र १ हजार ५३ पकेट क्षेत्रमा कार्यक्रम सञ्चालन गरिने छ । कृषितर्फ युवा उद्यमीलाई आकर्षित गर्न एक अर्ब २० करोडको 'युवा स्टार्टअप' अनुदान कार्यक्रमका लागि बजेट विनियोजन गरिएको छ। यो कार्यक्रम पूर्ण रूपमा लागु गर्न सकियो भने केही हदसम्म कामको खोजीका लागि विदेश जाने क्रम रोकिने छ । युवाशक्ति कृषिकर्ममा लाग्यो भने परनिर्भरता पनि कम हुन सक्छ।

बजेटमा सरकारले गुणस्तरीय बिउ बिजन, आपूर्तिमा मुलुकलाई आत्मनिर्भर बनाउँदै लैजाने गरी योजना बनाएको छ। गुणस्तरीय बिउ बिजनको जातीय अनुसन्धान तथा विकासमा निजी क्षेत्रलाई प्रोत्साहित गर्ने लक्ष्य राखेको छ। यसतर्फ ४० करोड रुपियाँ विनियोजन गरिएको छ।

प्राविधिक सेवा उत्पादनमा टेवा' भन्ने नाराका साथ हरेक स्थानीय तहमा कृषि एवं पशुपन्छी विषयको स्नातक जनशक्ति व्यवस्थापन गर्न ४७ करोड छुट्याइएको छ। किसानको खेतबारीसम्मै प्राविधिक सेवा प्रवाह गर्न कृषिमा स्नातक तह अध्ययन गरेका विद्यार्थीलाई स्थानीय तहमार्फत परिचालन गरिने भएको छ।

पोषणयुक्त घाँसे बालीको विकास गरौं, पशुजन्य उत्पादन बढाऔं भन्ने नाराका साथ एक सय वटा स्थानीय तहमा नै नेपियर, मेन्डुला, बार्सिमलगायत जातका घाँसे बाली विकास तथा पोषण सुधारका कार्यक्रम सञ्चालन गर्ने बजेटमा उल्लेख गरिएको छ। सो कार्यले दुग्धजन्य पदार्थमा आत्मनिर्भर बन्न थप मद्दत पुऱ्याउँछ। यसकारण पनि कृषि तर्फ लक्षित बजेट बन्नु जरुरी छ।


## पाठक वर्गमा अनुरोध !

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका "प्रत्युष राष्ट्रिय दैनिक" तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं। तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्युष National Daily राष्ट्रिय दैनिक

नीलकण्ठ -३, धादिङबेसी,
फोन ०१०-५२१४३०,९८५११२०८५०
Email : pratyushdainik@gmail.com


# भारतबाट एयर रुट प्राप्त हुन्छ भन्ने विश्वास छ -अर्थमन्त्री डा महत

डा ज्ञानेन्द्र बहादुर कार्की

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' भारतको चारदिने औपचारिक भ्रमणमा हुनुहुन्छ। भ्रमणमा प्रधानमन्त्रीका साथमा अर्थ, परराष्ट्र, ऊर्जा, भौतिक पूर्वाधार तथा यातायात, उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री, मुख्यसचिव एवं सचिवहरूसहित उद्योगी, व्यवसायीहरूको सहभागिता छ। भ्रमणका क्रममा नेपाल र भारतबीच आर्थिक सहकार्यका विविध विषयमा समझदारीसमेत भएको छ।

सरकारले ऊर्जा व्यापार र अन्तरदेशीय प्रसारण लाइन निर्माण, अन्तरदेशीय भुक्तानी, नेपालमा आर्थिक पूर्वाधार निर्माण, पारवहन सन्धि नवीकरणलगायतलाई मुख्य उपलब्धि मानेको छ। प्रधानमन्त्री दाहालको भारत भ्रमणमा केन्द्रित रहेर भ्रमणदलमा सहभागी अर्थमन्त्री डा प्रकाशशरण महतसँग राष्ट्रिय समाचार समिति (रासस) का विशेष समाचारदाता रमेश लम्सालले भारतको इन्दौरमा गर्नुभएको कुराकानीको सम्पादित अंश:



✦ प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' भारत भ्रमण दलमा यहाँ पनि सहभागी हुनुहुन्छ। प्रधानमन्त्रीको यस भ्रमणलाई यसलाई कसरी लिनुभएको, हामी कति सफल रह्यौं ?

✔ भ्रमण अन्यन्तै सौहार्दपूर्ण र उपलब्धिमूलक रह्यो । नयाँदिल्ली र मध्यप्रदेशमा अत्यन्त ठूलो सौहार्दता र स्वागत भयो।

✦ भ्रमणका क्रममा नेपालले उठाउँदै आएको ऊर्जा व्यापारका विषयमा प्रगति भएको देखिन्छ, यसलाई कसरी हेर्नुभएको छ ?

✔ ऊर्जाका क्षेत्रमा महत्वपूर्ण समझदारी भएको छ । खासगरेर दीर्घकालमा १० हजार मेगावाटसम्म विद्युत् भारतले किन्ने समझदारी भएको छ। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी स्वयंले पनि संयुक्त पत्रकार सम्मेलनमा बोल्नुभएको छ । यसले नेपालको ऊर्जा विकास र समग्र अर्थतन्त्रलाई चलायमान गर्न ठूलो मद्दत गर्छ। भोलिका दिनमा व्यापार घाटा कम गर्न विद्युत् व्यापार कोसेढुङ्गा साबित हुनेछ। अहिले नेपालको जलविद्युत् क्षेत्रमा लगानी बढिरहेको छ, भारतले पनि दुई ठूला आयोजनामा लगानी गर्ने समझदारी भएको छ। फुकोट कर्णाली र तल्लो अरुणमा लगानी गर्ने निर्णय भएको छ।

यसबाट विद्युत्को उत्पादन बढ्ने र सँगसँगै बजार पनि सुनिश्चित हुनेछ। भोलिका दिनमा विद्युत्को निर्यातबाट ठूलो विदेशी मुद्रा आर्जन गर्ने र व्यापार घाटा कम गर्ने ठूलो सम्भावना छ। सँगसँगै आन्तरिक खपत बढाएर, विद्युतीय सवारीसाधन, विद्युतीय चुलो उपयोग गरेर हरित अर्थतन्त्रलाई बढवा दिन र आयात प्रतिस्थापन गर्ने र विद्युत्को निर्यात बढाउने दुवैमार्फतबाट व्यापार घाटा कम गर्न ठूलो मद्दत हुन्छ। यस्तै बङ्गलादेशसँग पनि अहिले ५० मेगावाट निर्यात गर्ने सुरुआत भएको छ। त्यहाँ पनि विद्युत् व्यापारको ढोका खोलेको छ।

✦ भ्रमणका क्रममा 'केनेक्टिभिटी'का अन्य क्षेत्रमा पनि समझदारीमा पुगेका छौं, यसबाट हामीले अपेक्षा गरेका विषय भारतका तर्फबाट सम्बोधन भयो भन्न सकिन्छ ?

✔ एयर 'कनेक्टिभिजी'मा हामीले स्पष्ट कुरा राखेका छौं। भैरहवामा रहेको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, पोखरा विमानस्थलमा भारतबाट कनेक्टिभिटी बढोस् भनेका छौं । गौतमबुद्ध विमानस्थलमा एयर रुटका कुरा भएको छ । लो अल्टिच्यूडमा उडान गर्ने साना विमानलाई आउन दिनेमा उहाँहरु सकारात्मक देखिनुभएको छ । हाइ अल्टिच्यूडको पनि रुट प्राप्त हुन्छ भन्ने हामीलाई विश्वास छ।

✦ भारतीय पक्षको चासो के थियो ? एयर रुटका सम्बन्धमा किन सहमति भएन ?

यससम्बन्धमा निर्णयमा पुग्न सकिएन, तर लो अल्टिच्युडमा उहाँहरु तयार भइसक्नुभएको छ, अन्ततः उहाँहरु हाइ अल्टिच्यूड पनि हुन्छ । एयर कनेक्टिभिटी समझदारी थप ठाउँबाट हुने र गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको प्रयोग सहज हुनेमा सहमति बन्छ। यसका आधार भ्रमणले तयार गरेको छ।

✦ सरकारले राष्ट्रिय हितलाई ध्यानमा राखेर भारतसँग महत्वपूर्ण समझदारी गरिरहेको छ, तर काठमाडौँले फरक दृष्टिकोणले हेरिरहेको देखिन्छ, यसलाई कसरी लिने ?

✔ नकारात्मक कोणबाट हेर्ने प्रवृत्ति पनि छन्। तर हामीले कामबाट नै ती प्रवृत्तिलाई निरुत्साहित गर्न सक्छौं । हरेक कुरालाई शङ्काको दृष्टिकोणबाट मात्रै हेर्नु उपयुक्त हुँदैन । खासगरी भारतसँगको सम्बन्धलाई लिएर बढी शङ्का गर्ने प्रचलन छ। तर नेपाल र हामीले राष्ट्रिय स्वार्थ र आवश्यकतालाई मध्यजनर राखेर जुनसुकै देशसँग सम्बन्ध राख्ने हो। भारतसँगको सवालमा पनि नेपालको आवश्यकतालाई केन्द्रबिन्दुमा राखेर सम्बन्ध विकास गर्ने हो । त्यहीअनुसार भएको छ । हरेक विषयलाई शङ्काको कोणबाट मात्र हेर्न हुँदैन। सीमामा देखिएको समस्याका विषयमा पनि प्रधानमन्त्री मोदी स्वयंले संयुक्त पत्रकार सम्मेलनमा स्पष्ट ढङ्गबाट समाधान गर्छौं भन्नुभएको छ। त्यसले पनि थप विश्वास पैदा भएको छ।

✦ हामीले अपेक्षा गरेका आधारमा भ्रमण सफल रह्यो भन्ने हो ?

✔ भ्रमण एकदमै सफल र उपलब्धिमूलक रह्यो भन्ने हाम्रो निष्कर्ष हो।

✦ यहाँले भर्खरै बजेट प्रस्तुत गर्नुभएको छ, बजेटमाथि अनेकखालका टिप्पणी भइरहेका छन्, यसलाई कसरी लिनुभएको छ ?

✔ बजेटका सम्बन्धमा हरेक खालका टिप्पणी हुने गर्छ। शेयर मार्केटमा के गर्यो भन्ने आइरहेको छ । त्यसमा हामीले सेयरमा लागनीकर्तालाई फेरि आयकरमा कर लगाउने भनेको छैन । शेयर कारोबारलाई नै व्यवसाय बनाउनेका लागि 'रिपोर्ट' गर्नुहोस्, त्यसमा अझ छुट हुन्छ भनेका हौं। शेयर बजारमा लगानी गरौं, आम्दानी होला भनेर लगानी गर्नुभएको कसैलाई पनि आयकरको दायरामा ल्याइएको छैन भन्ने भ्रम हो।

✦ अन्त्यमा ?

✔ अन्य करका दर पनि हामीले व्यापारिक घरानालाई फाइदा दिने, कसैलाई बेफाइदा गर्नेभन्दा पनि समग्र अर्थतन्त्रलाई चलायमान गराउने गरेर मात्रै तय गरेका हौं। विद्युतीय सवारीमा कम क्षमता भएकालाई एउटा, बढी क्षमता भएकालाई अलिकति बढी, अझ बढी क्षमता भएकालाई झन् बढी त्यसरी गरेका छौं, कसैलाई पनि अप्ठ्यारो पार्ने गरेर र विद्युतीय सवारीसाधनलाई निरुत्साहित गर्ने गरी केही भएको छैन। राससबाट।

## कैदीबन्दी आयआर्जनमा

तनहुँ । तनहुँ कारागारमा रहेका महिला कैदीबन्दी पछिल्लो समय आयआर्जनमा लागेका छन्। सुरुआतमा कारागारमा रहेका १६ मध्ये पाँच महिला कैदीबन्दीले तानबाट झोलाको कपडा बुनेर आम्दानी गर्न थालेका थिए। हाल कारागारका अन्य महिला कैदीबन्दीले पनि उनीहरुकै सिको गरिरहेका छन्।

कपडा बुन्न आवश्यक कच्चापदार्थ, तानलगायतको व्यवस्था मिलाएको कारागारकी चौकीदार मनमाया विक बताउनुहुन्छ । पोखरा कारागारमा रहेका महिला कैदीबन्दीलाई तनहुँ कारागारमा स्थानान्तरण गरिएपछि त्यहाँ सिकेको सीपलाई यहाँ निरन्तरता दिएको उहाँले बताउनुभयो। "कारागारमा रहेका अन्य महिला कैदीबन्दी पनि सीप सिक्न थालेका छन्", विकले भन्नुभयो । उनीहरुले मासिक रु ३ हजारदेखि रु ४ हजारसम्म आम्दानी गर्न थालेका छन्।


तपाईको व्यवसाय विस्तारको लागि रेडियोबाट सूचना या विज्ञापन प्रशारण गर्नु छ ?

यदि छ भने नीलकण्ठ एफ.एम ९८.५ मेगाहर्जलाई सम्झनुहोस्।

नीलकण्ठ नगरपालिका-३ सुगमटोल धादिङबेशी

फोन नं ०१०-५२१४३०/५९०४३०, ९८५११२०८५०

Neelkantha FM 98.5 Dhading

email:neelkanthafm@gmail.com
Web :- neelkanthafm.com

# राष्ट्रपतिले संविधानको संरक्षण गर्नुभएको छ : कांग्रेस

काठमाडौं । नेपाली कांग्रेसले नागरिकता विधेयक प्रमाणीकरण गरेर राष्ट्रपति रामचन्द्र पौडेलले संसद् र संविधानको सम्मान तथा संरक्षण गर्नुभएको जनाएको छ ।

संसद्ले सबै प्रक्रिया पूरा गरेर पारित र प्रमाणित गरी दोस्रो पटक प्रस्तुत गरेको विधेयक संविधानको धारा ११३ को उपधारा (४) बमोजिम प्रमाणीकरण गर्न पर्ने संवैधानिक प्रावधानलाई तत्कालीन राष्ट्रपतिले बेवास्ता गरेर अलपत्रमा पारेको कांग्रेसको टिप्पणी छ ।

सो विधेयकलाई संविधानको सोही धाराबमोजिम प्रमाणीकरण गरेर वर्तमान राष्ट्रपतिले संसद्को सार्वभौमिकताको रक्षा र संविधानको संरक्षण गर्ने संवैधानिक कर्तव्य पूरा गर्नुका साथै संवैधानिक सङ्कट टार्दै राष्ट्रिय एकताको रक्षासमेत गर्नुभएको कांग्रेसले आज विज्ञप्तिमार्फत स्पष्ट पारेको छ ।

कांग्रेसको सूचना, सञ्चार तथा प्रचार विभाग प्रमुख मीन विश्वकर्माले शनिबार विज्ञप्तिमार्फत संसद्को दुवै सदनबाट दुई पटक पारित भई प्रमाणीकरणका लागि पठाइएको नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको नेपाल नागरिकता (पहिलो संशोधन), २०७९ का सम्बन्धमा दुष्प्रचार र संविधानको अपव्याख्या गरिएको भन्दै ध्यानाकर्षण भएको उल्लेख गर्नुभएको छ ।

"विधेयकमै संविधानको धारा ११३(४) बमोजिम प्रमाणीकरण गर्न राष्ट्रपतिलाई सुझाई सबै प्रक्रिया पूरा गरी आएको विधेयक जस्ताको त्यस्तै प्रमाणीकरण गरिएको स्पष्ट विषयको आफू खुसी अर्थ लगाई जनतामा भ्रम फैलाउन खोजिएको कुराले संवैधानिक पथमा बाधा उत्पन्न गर्दछ", विज्ञप्तिमा उल्लेख छ ।

लामो समयदेखि विद्यमान रहेको नागरिकता समस्याको समाधान गरेर लाखौं पीडित नागरिकको पीडामा मलम लगाउने काम भएको कांग्रेसको भनाइ छ । आफ्नो सबै प्रक्रिया पूरा गरी संसद्ले राष्ट्रपति कार्यालयमा प्रस्तुत गरिसकेको विधेयकलाई फेरि संसदै फिर्ता गर्न संविधानमा कुनै व्यवस्था नभएको उल्लेख गर्दै प्रमुख विश्वकर्माले त्यसैले संसदै फिर्ता गर्नु हास्यास्पद कुरा हुने जनाउनुभएको छ ।

संसद् अविच्छिन्न उत्तराधिकार भएको संस्था भएको र अघिल्लो संसद्को बहुमतले उक्त विधेयक पारित गरेको उल्लेख गर्दै उहाँले संवैधानिक प्रक्रिया पूरा गरिसकेको विधेयक नयाँ राष्ट्रपतिलाई 'विधेयक यहाँ छ' भनेर कसैले सम्झाइदिनुपर्थ्यो, मन्त्रिपरिषद्ले सम्झाइदिएको मात्र बताउनुभएको छ ।

"कसले सम्झायो र कुन समय पारेर प्रमाणीकरण गर्‍यो भन्ने कुरा अर्थहीन हो । यसले त हाम्रो राष्ट्रिय आत्मविश्वासलाई कमजोर र दिग्भ्रमित मात्रै गर्छ । देशमा कानून सबैलाई समानरूपमा लागु हुनुपर्छ र सबैले समानरूपमा न्याय पाउनु पर्छ । ज्यान मुद्दामा सजाय पाएका बालकृष्ण ढुंगेललाई एकदिन पनि सजाय नकाटी तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले आममाफी दिँदा सञ्चो मानेर बस्नेहरू आफू घटनामा उपस्थित नै नरहेको र केवल उत्पीडन र विभेदमा परेका थारु समुदायको अधिकारको आवाजको नेतृत्व मात्र गरेका रेशम चौधरीलाई सबै राजनीतिक दलको मागअनुसार मन्त्रिपरिषद्को सिफारिसमा बाँकी कैद मिनाहा गरी माफी दिँदा राष्ट्रपति संस्थामाथि नै आक्षेप लगाउँदै हल्ला मच्चाउनु कति उपयुक्त हो ?

सत्तामा हुँदा र सत्ताबाहिर रहँदा फेरिने धारणा, मत र अभिव्यक्तिले दल र दलका नेताहरूकै विश्वसनियता कमजोर बनाउने कुरामा सबैको ध्यान पुग्न् जरुरी छ", विज्ञप्तिमा उल्लेख छ ।

यस्तो परिस्थिति रहँदा रहँदै राष्ट्रपति जस्तो सम्मानित संस्थाका बारेमा अनावश्यक र अनर्गल प्रचार हुनु खेदजनक रहेको कांग्रेसको भनाइ छ । यस्ता दिग्भ्रमित दुष्प्रचारका पछाडि नलाग्न कांग्रेसले सम्पूर्णमा अपिल गरेको छ ।

# अनुदानको मल एग्रोभेटलाई बेचिएको भेटियो

रामपुर । सरकारले किसानलाई अनुदानमा उपलब्ध गराएको रासायनिक (युरिया) मल प्रहरीले फेला पारेको छ । पाल्पा रामपुर नगरपालिका-७ स्थित हराभरा कृषि सहकारीले अनुदानमा आएको मल निजी एग्रोभेटलाई बिक्री गरेको पाइएपछि प्रहरीले नियन्त्रणमा लिएर मल फिर्ता गरेको छ ।

सहकारीले स्याङ्जाको वालिङ भकुण्डेस्थित गरिमा एग्रोलाई बिक्री गरी गाडीमा मल लैजाँदै गर्दा प्रहरीले फेला पारेको हो । वडा प्रहरी कार्यालय वालिङले बिहीबार राति मल फेला पारेर नियन्त्रणमा लिएको हो । सो मल शुक्रबार साँझ करिब ६ बजेको समयमा रामपुर नगरपालिकालाई प्रहरीले बुझाएको छ ।

सहकारीबाट ४० बोरा मल किनेर निजी एग्रोभेटले लगेको पाइएपछि प्रहरीले नियन्त्रणमा लिएको मल लिएर रामपुर नगरपालिकालाई बुझाएको नगरपालिकाका सूचना अधिकारी रामहरी पाण्डेयले जानकारी दिनुभयो । "सेयर सदस्य र वडावासीलाई मात्रै उपलब्ध गराउने मल हो, नियम विपरीत फरक जिल्लामा मल बिक्री भएको पाइएको छ, यस विषयमा सहकारीसँग लिखित स्पष्टीकरण माग्नेछौं, नगर उपप्रमुखको संयोजकत्वमा स्थानीय मल व्यवस्थापन समितिले छानबिन गर्नेछ" उहाँले भन्नुभयो ।

उपप्रमुख संयोजक रहेको समिति सदस्यमा प्रमुख प्रशासकीय अधिकृत, कृषि शाखा प्रमुखसहित तीन सदस्यीय समिति रहनेछ । अनुदानको मल व्यवस्थापन निर्देशिका, २०७७ अनुसार स्थानीय तहमा मल वितरण समिति रहन्छ । समितिको बैठक बसेर यसबारेमा छानबिन गरिने सूचना अधिकारी पाण्डेयले जानकारी दिनुभयो ।

रामपुर नगरपालिकाभित्र जेठ महिना लागेपछि हालसम्म एक हजार एक सय बोरा अनुदानको मल प्राप्त भएको छ । सहकारीले वालिङ भकुण्डेस्थित गरिमा एग्रोलाई प्रतिबोरा रु एक हजार ५० का दरले बिक्री गरेको जनाएको छ। बाहिरी जिल्लाको एग्रोभेटमा मल कसरी कोमार्फत बिक्री भयो भन्नेबारे आफूलाई कुनै जानकारी नभएको हराभरा कृषि सहकारी संस्थाका अध्यक्ष गीतादेवी भट्टराईले बताउनुभयो ।

सहकारीले रामपुर-७ स्थित बहखोलामा रहेको पसलबाट बिहीबार राति ९ बजेपछि मल बिक्री गरेको बुझिएको छ । रामपुर नगरपालिकाभित्रका दशवटै वडामा सरकारले उपलब्ध गराएको अनुदानको मल बिक्री गर्ने आधिकारिक सहकारी, सङ्घ संस्था रहेका छन् । सोही संस्थामार्फत मात्रै वडाभित्रका किसानलाई मल उपलब्ध गराइएको छ ।

वडा नं १ का लागि भलायटारमा रहेको ग्रामीण बचत तथा ऋण सहकारी, २ मा दुर्गादेवी सामाजिक उद्यमी महिला कृषि सहकारी, वडा नं ३ मा दर्छा हरियाली साना किसान कृषि सहकारी, ४ मा हातेमालो बचत तथा ऋण सहकारी (हालसालै मान्यता प्राप्त संस्था) र ५ मा सूर्योदय कृषि सहकारी संस्थाबाट मलको कारोबार भइरहेको छ ।

यस्तै वडा नं ६ मा विजयपुर कृषि सहकारी, ७ मा हराभरा कृषि सहकारी, ८ मा बराह कृषि सहकारी, ९ मा अर्बासिङ कृषि सहकारी र वडा नं १० मा आधारशिला महिला कृषि सहकारीले अनुदानको मलका लागि स्वीकृति लिएर मल खरिद बिक्री गर्दै आइरहेका छन् । रामपुरमा १५ देखि २० दिनको फरकमा मल भित्रिने गर्दछ ।

# सेनाद्वारा भिरबाट खसेका व्यक्तिको उद्धारको नमूना प्रदर्शन

तम्घास । सङ्गाम सार्दुल गुल्मले भीरबाट खसेका व्यक्तिको उद्धारको नमूना प्रदर्शन गरेको छ ।

गुल्मी सदरमुकाम तम्घास नजिकै नेपाली सेनाले रेसुङ्गा नगरपालिका-३ भाडगाउँमा नमूना प्रदर्शन गरेको हो । भीरबाट खसेका व्यक्तिको तीव्र उद्धारका लागि गरिने तरिकाबारे नमूनामा देखाइएको थियो । स्थानीय दुई व्यक्तिलाई भिरबाट लडेको, स्थानीयले प्रहरीलाई खबर गरेको र सेनाले तत्काल उद्धार गरी अस्पतालसम्म पुर्‍याएको नमूनामार्फत देखाइएको थियो । भिरबाट व्यक्ति लड्नासाथ सँगै रहेका व्यक्तिले गुहार मागे । सुरक्षाकर्मीलाई त्यो खबर थाहा हुनासाथ सेनाको समूहले फसेका व्यक्तिलाई निकाल्नका लागि डोरी, क्याराविनर, हार्नेस, गल्भस र हेलमेटको प्रयोग गरेर लडेका व्यक्ति भएको खोचमा पुगेर लडेका दुईलाई सकुशल उद्धार गरी सामान्य उपचारपछि अस्पताल लगेको नमूना प्रदर्शन गरिएको थियो । गुल्मका प्रमुख अनिल खड्काले विपत्को समयमा तत्काल उद्धार गर्न विपत् प्रतिकार्य अभ्यास गरिएको बताउनुभयो ।

# प्राप्त उपलब्धि संकटमा पर्ने खतरा बढ्दै गएको छ : उपप्रधानमन्त्री श्रेष्ठ

काठमाडौं । उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले लोकतन्त्र, संविधान, सङ्घीयता, धर्मनिरपेक्षता र समानुपातिक प्रणालीलगायत प्राप्त उपलब्धि सङ्कटमा पर्ने खतरा बढ्दै गएको भन्दै रक्षाका निम्ति सबैलाई आग्रह गर्नुभएको छ ।

छुवाछूतमुक्त राष्ट्र घोषणाको १७ वर्ष पूरा भएको सन्दर्भमा स्थानीय तहका दलित जनप्रतिनिधिको प्रथम राष्ट्रिय भेला मूलआयोजक समितिद्वारा आयोजित 'स्थानीय तहका दलित जनप्रतिनिधिको प्रथम भेला' को शनिबार उद्घाटन गर्दै उहाँले प्राप्त उपलब्धिमाथि विभिन्न बहानामा प्रहार भइरहेको उल्लेख गर्नुभयो ।

उपप्रधानमन्त्री श्रेष्ठले शान्ति प्रक्रियासँग सम्बन्धित सङ्क्रमण न्यायको कामअन्तर्गत सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता छानबिन आयोगसँग सम्बन्धित कामलाई जतिसक्दो चाँडो पूरा गरेर शान्ति प्रक्रियालाई टुङ्गोमा पुर्‍याउने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

उहाँले राजनीतिक परिवर्तनसँगै अबका दिनको आम जनताको अवस्था बदल्नका लागि वर्तमान सरकार केन्द्रित रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "सामाजिक न्यायसहितको समृद्धिको कार्यभार पूरा गर्न सकिएन भने राजनीतिक परिवर्तनको औचित्य हामीले पुष्टि गर्न सक्दैनौं, वास्तविक परिवर्तनका निम्ति राजनीतिक परिवर्तनलाई माध्यम बनाएर सामाजिक र आर्थिक रुपान्तरण गर्न जरुरी छ ।" दलित समुदायमाथिको जातीय उत्पीडन र शोषणसँगै वर्गीय शोषण तथा उत्पीडित पनि भएको टिप्पणी गर्दै उहाँले नेपालको सामाजिक लोकतान्त्रिक आन्दोलनसँगै विभिन्न सङ्घर्षमा योगदान पुर्‍याउने दलित समुदायको आर्थिक, सामाजिक र राजनीतिक समस्यालाई एकीकृत रुपमा समाधान गर्नुपर्नेमा जोड दिनुभयो ।

उहाँले दलित समुदायबारे संविधानमा उल्लेख धारा २४ र ४० लाई व्यावहारिकरुपमा कार्यान्वयन गर्न दलित समुदाय सक्रिय हुनुपर्नेमा पनि जोड दिनुभयो । भएका ऐन/कानुनको प्रभावकारी कार्यान्वयनसँगै सचेतनामार्फत जातीय भेद्‌भाव तथा छुवाछूतलाई व्यावहारिकरुपमै कार्यान्वयन गर्नुपर्ने उहाँको भनाइ थियो ।

उहाँले भन्नुभयो, "दलित आन्दोलनका सामु आज पनि कति चुनौती छन्, आजको २१औं शताब्दीमा पनि नेपाली समाजमा छुवाछुत जस्तो समस्या सांस्कृतिक रुप कायम रहनु लज्जाको विषय हो, ती चुनौतीलाई सामना गर्न अझै पनि हामी एकताबद्ध भएर अगाडि बढ्नुपर्छ ।"

दलित नेता गणेश विकले दलित समुदायबारे प्राप्त उपलब्धि कार्यान्वयनमा उदासीनता देखिएको बताउनुभयो । सोही अवसरमा रु एक लाख राशिको 'इभा क्यासेल पुरस्कार' दलित आन्दोलनका अगुवा लालबहादुर विश्वकर्मालाई प्रदान गरिएको थियो । उक्त भेला दुई दिनसम्म चल्नेछ ।

# प्रविधिको प्रयोगमा ध्यान दिनुपर्ने छ : अध्यक्ष ओली

काठमाडौं । नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले गरिबी अन्त्य गर्न विज्ञान र प्रविधिको प्रयोगमा ध्यान दिनुपर्ने बताउनुभएको छ ।

ललितपुरस्थित पार्टी मुख्यालयमा एमालेको विज्ञान तथा प्रविधि विभागले आयोजना गरेको कार्यक्रममा उहाँले विज्ञान र प्रविधिको प्रयोग गर्न सके मुलुकमा विकास तीव्र गतिमा हुने बताउनुभयो । उहाँले विज्ञानका नियमलाई प्रविधिमा विकास गरेर उत्पादन बढाउन सकिने धारणा राख्नुभयो ।

विज्ञानका नियम पत्ता लगाउने र त्यसलाई प्रविधिमा रूपान्तरण गरेर विकासका लागि प्रयोग गर्नुपर्दछ", उहाँले भन्नुभयो, "प्रविधिको विकासले हाम्रो आजको पछौटेपनलाई अगाडि बढाउँछ । कम उत्पादनलाई तीव्र वृद्धिमा लैजान्छ। छोटो धीमा गतिलाई तीव्रता दिन्छ । कम सामर्थ्यलाई बढी सामर्थ्यमा परिणत गर्दछ ।"

उहाँले विज्ञानको नियमअनुसार प्रविधिको विकास हुनुपर्ने भन्दै विज्ञानलाई रूपान्तरणमा परिवर्तन गर्न 'इनोभेसन' आवश्यक रहेको बताउनुभयो। अध्यक्ष ओलीले एमाले सरकारबाट हटेपछि 'समृद्ध नेपाल र सुखी नेपाल' भन्ने शब्द कुनै सरकार र प्रधानमन्त्रीले उच्चारण गर्न आँट नगरेको बताउनुभयो ।

उहाँले कुनै व्यक्ति नभई सिङ्गो समाजलाई माथि उठाउनका लागि आफूहरूले समृद्धिको एजेण्डालाई अघि बढाएको उल्लेख गर्नुभयो । अध्यक्ष ओलीले आफूहरूले मानव र समाजको विकास गर्न खोजेको भ बताउनुभयो ।

# पर्यटन प्रवर्द्धनको मुख्य आधार हिमाल : मन्त्री सिम्खडा

गण्डकी । गण्डकी प्रदेशका सामाजिक विकासमन्त्री सुशीला सिम्खडाले पर्यटन प्रवर्द्धनको मुख्य आधार हिमाल भएको बताउनुभएको छ ।

नेपाल पर्वतारोहण सङ्घ अन्नपूर्ण शाखाद्वारा अन्तरराष्ट्रिय पर्वतीय सङ्ग्रहालयमा आयोजित अन्नपूर्ण आरोहणको ७३औं दिवसका अवसरमा 'हिमाल आरोहण र पर्यटन प्रवर्द्धनमा देखिएका चुनौती' विषयक अन्तरक्रिया कार्यक्रममा मन्त्री सिम्खडाले नेपालका हिम चुचुराका बारेमा विश्वसामु जानकारी गराउन आवश्यक भएको बताउनुभयो ।

मन्त्री सिम्खडाले भन्नुभयो, "त्यसका लागि आवश्यक पूर्वाधार तयार गर्न तीनै तहका सरकार जिम्मेवार हुनु पर्दछ ।"

अन्नपूर्ण हिमाल आन्तरिक एवम् बाह्य पर्यटकको आरोहणमा थप आकर्षण बढाउन सबैको साथ र सहयोगको खाँचो औंलाउँदै मन्त्री सिम्खडाले हिमाली क्षेत्रको समग्र विकासमा प्रदेश सरकारले सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

नेपाल पर्वतारोहण सङ्घका अध्यक्ष निमानोरु शेर्पाले पर्वतीय पर्यटनबाट सुरु भएको मुलुकको पर्यटन विकासलाई थप प्रभावकारी बनाउन सङ्घले आवश्यक भूमिका खेल्दै आएको उल्लेख गर्दै हिमाल आरोहणबाट समृद्धि प्राप्त गर्न सकिने विश्वास व्यक्त गर्नुभयो ।

विश्वव्यापी समस्याका रुपमा देखिएको जलवायु परिवर्तनबाट हिमाल बचाउने अभियान सञ्चालन गर्नुपर्ने आवश्यकता औंल्याउँदै अध्यक्ष शेर्पाले भन्नुभयो, "सङ्घले हिमाली क्षेत्रमा भएको फोहर हटाउने र आरोहणमा सहभागी पथप्रदर्शकलाई विभिन्न खाले तालिमको व्यवस्था गर्दै आएको छ ।"

पोखरा महानगरपालिका-१७ का वडाअध्यक्ष राधिका शाही योगीले हिमालसँगै धार्मिक पर्यटन प्रवर्द्धनमा जोड दिँदै यस क्षेत्रको समग्र पर्यटन प्रवर्द्धनमा सरोकारवाला सङ्घ सहकार्य गरेर अघि बढ्ने विश्वास व्यक्त गर्नुभयो । आठ हजार ९१ मिटरको उचाइ रहेको अन्नपूर्ण हिमालको फ्रान्सका नागरिक मौरिस हर्जोग नेतृत्वको टोलीले सन् १९५० जुन ३ तारिखमा सफल आरोहण गरेको थियो । कार्यक्रममा पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठ, पर्यटन व्यवसायी लक्की कार्की, पर्यटन बोर्डका अधिकृत कुन्दन मिश्र, सङ्ग्रहालय प्रमुख निर्मलाकुमारी न्यौपानेलगायतले हिमाल आरोहणको महत्व र त्यसबाट लिन सकिने फाइदाका बारेमा चर्चा गर्नुभएको थियो ।

# मदिराको लाइसेन्स र नवीकरण दस्तुर बढ्यो

काठमाडौं । सरकारले आर्थिक विधेयक, २०८० मार्फत मदिरा र सुर्तीजन्य वस्तुको उत्पादक, वितरक तथा बिक्रेताको इजाजतपत्र (लाइसेन्स) र नवीकरण दस्तुर बढाएको छ । आर्थिक विधेयकमार्फत अन्तःशुल्क नियमावली, २०७९ मा भएको संशोधन तथा परिमार्जनबारे आन्तरिक राजस्व विभागले शुक्रबार सार्वजनिक गरेको विवरणअनुसार स्प्रिट, बियर, इथानोल र अन्य मदिरा उत्पादन गर्ने प्रतिष्ठानको लाइसेन्स र नवीकरण दस्तुर रू ५५ हजारले बढेको हो । यसअघि यस्तो शुल्क रू एक लाख ९५ हजार बराबर रहेकामा त्यसलाई बढाएर रू दुई लाख ५० हजार पुर्‍याइएको छ । वाइन, ब्रान्डीजस्ता फलफूलमा आधारित मदिरा बनाउने प्रतिष्ठानको लाइसेन्स र नवीकरण शुल्क रू चार हजारले बढाएर रू एक लाख पुर्‍याइएको छ ।

# दुई देशको सहमतिले जगायो आशा

बेदकोट । कञ्चनपुरको दोधारा चाँदनीमा भारतको सहयोगमा सुक्खा बन्दरगाह बन्ने भएपछि स्थानीय हर्षित भएका छन् ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र भारतीय समकक्षी नरेन्द्र मोदीबीच दोधारा चाँदनीमा भारतको सहयोगमा सुक्खा बन्दरगाह निर्माण गर्ने विषयमा सहमति भएको छ। लामो समयदेखि चर्चामा रहेको सुक्खा बन्दरगाह निर्माणका लागि भारत सहमत भएपछि अब निर्माणको काम अघि बढ्ने भन्दै स्थानीय आशावादी बनेका छन् ।

"लामो समयदेखि सुक्खा बन्दरगाह चर्चामा मात्रै आइरहेको छ, अहिलेसम्म यसको केही काम अगाडि बढेको छैन", दोधारा चाँदनी नगरपालिका-१ का स्थानीय टीकाराम चन्दले भन्नुभयो, "नेपाल र भारतबीच निर्माणको सम्झौता भएपछि अब निर्माण हुन्छ कि भन्ने आशा पलाएको छ ।"

सम्झौताअनुसार सुक्खा बन्दरगाह भारतले तीन वर्षभित्र बनाउनेछ । सम्झौतामा नेपालका तर्फबाट वाणिज्य तथा आपूर्ति सचिव मधुकुमार मरासिनी र नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवले समझदारी पत्र साटासाट गर्नुभएको थियो । बन्दरगाह निर्माणका लागि विसं २०६४ मै प्रस्ताव गरिएको थियो । प्रस्ताव भएको झन्डै १० वर्षपछि सरकारले निर्माण प्रक्रिया सुरु गरेको हो ।

सरकारले आगामी आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रममा सुक्खा बन्दरगाह तीन वर्षभित्र निर्माण गरिने उल्लेख छ। भारतसँग सुक्खा बन्दरगाहका लागि सम्झौता एवं नीति तथा कार्यक्रममा समेटिएपछि यहाँका स्थानीयका साथै निजी क्षेत्रका व्यवसायी खुसी भएका छन्। सम्झौता अनुरुप समयावधिमै काम सम्पन्न गर्ने गरी निर्णय कार्यान्वयनमा जोड दिनुपर्ने उहाँहरुको भनाइ छ । "वर्षौंदेखि सुक्खा बन्दरगाह निर्माणमा सरकारले चासो देखाएको थिएन, यसपटक भारतसँग निर्माण सम्झौता हुनु खुसीको कुरा हो", उद्योग वाणिज्य सङ्घ कञ्चनपुरका अध्यक्ष पिताम्बर जोशीले भन्नुभयो, "निर्णय कार्यान्वयनमा जोड दिनुपर्छ ।" सुक्खा बन्दरगाह निर्माणका लागि सरकारले दोधारा चाँदनीका मायापुरी र गौरीशङ्कर सामुदायिक वनको दुई सय ८० बिघा जमिन छनोट गरेको छ। यी दुई वनले वडा नं १, २ र ३ को भूभाग समेट्छन् ।

बन्दरगाह निर्माणका लागि हाल वातावरणीय प्रभाव मूल्याङ्कन (इआइए) को काम सम्पन्न भइसकेको छ। महाकाली नदीमा बनेको मोटरेबल पुल, छ लेनको सडक लगायतका पूर्वाधारले बन्दरगाह निर्माणमा सहयोग पुग्ने अपेक्षा गरिएको छ । भारतीय पक्षले दोधारा चाँदनी-१ गडिगोठसम्म बन्दरगाहका लागि पहुँचमार्गको ट्र्याकसमेत खोलेको छ। ट्र्याक खोलिएसँगै अब पहुँचमार्ग कालोपत्रको काम अगाडि बढ्ने छ। यो मार्गले नेपाल र भारतलाई व्यापारिकसँगै यातायात सेवालाई पनि जोड्ने छ ।

दुई दशकअघिदेखि चर्चामा रहेको बन्दरगाह निर्माणस्थलको गत फागुन १ गते प्रधानमन्त्री प्रचण्डले निरीक्षण गर्नुभएको थियो ।

तीन वर्षमा बन्दरगाह निर्माण गर्ने गरी भारतसँग सम्झौता गर्ने उहाँले प्रतिबद्धता जनाउनुभएको थियो । दोधारा चाँदनीमा बन्दरगाह निर्माण भए सुदूरपश्चिम क्षेत्र व्यापारिक रूपमा भारतसँग जोडिनेछ। यसका साथै भारतको राजधानी नयाँदिल्ली र औद्योगिक नगरी रुद्रपुरसम्म पनि सहज पहुँच हुने तथा यस क्षेत्रको व्यापार व्यवसायमा वृद्धि हुनेमा स्थानीयको विश्वास छ ।

# भलिबलको उपाधि एपिएफलाई

मनहरी । केशवलाल श्रेष्ठ स्मृति केन्द्रीय प्रतिष्ठान हेटौंडाको आयोजनामा भएको पुरुष राष्ट्रिय भलिबल प्रतियोगिताको उपाधि सशस्त्र प्रहरी बल (एपिएफ) ले हात पारेको छ । शनिबार भएको फाइनल खेलमा एपिएफ त्रिभुवन आर्मी क्लबलाई पराजित गर्दै उपाधि चुम्न सफल भएको हो ।

प्रतियोगितामा उपाधि हात पारेसँगै एपिएफले रु दुई लाखसहित ट्रफी र मेडल प्राप्त गरेको छ । उपविजेता त्रिभुवन आर्मी क्लबले रु एक लाखसहित ट्रफी मेडल र प्रमाणपत्र प्राप्त गरेको छ। 'बेष्ट अफ फाइभ'मा खेलाइएको खेलमा एपिएफले आर्मीमाथि पहिलो सेटमा २५-२०, दोस्रो सेटमा १७-२५, तेस्रो सेटमा २५-१७ र चौथो सेटमा २९-२७ को जित निकाल्दै उपाधि हासिल गर्‍यो ।

चौथो राउण्डमा निकै प्रतिस्पर्धात्मक रुपमा अगाडि बढेको त्रिभुवन आर्मी एपिएफको सामाना गर्न

# जुम्ली मामाभाञ्जीलाई म्याराथनको उपाधि

गण्डकी । जुम्लाका धीराबहादुर बुढा र गणना भण्डारी नाताले मामाभाञ्जी हुनुहुन्छ । म्याराथनमा भविष्य बनाउन सङ्घर्षरत उहाँहरूका लागि आजको दिन सुखद् रह्यो । अन्नपूर्ण आधार शिविरबाट पर्यटकीय गाउँ घान्द्रुकसम्मको 'अन्नपूर्ण म्याराथन'मा पुरुषतर्फको बुढाले र महिलातर्फको उपाधि भण्डारीले हात पार्नुभयो ।

अन्नपूर्ण आरोहण दिवसका अवसरमा आयोजित तेस्रो संस्करणको उक्त म्याराथन प्रतियोगिताबाट बुढा र भण्डारीले सफलताको अर्को सिँढी चढ्नुभयो । यसअघि अल्ट्रा म्याराथनमा भाग लिँदै आउनुभएका बुढाका लागि फुल म्याराथनको यो पहिलो अनुभव हो। नेपाली सेनाका अनुभवी धावकलाई पछाडि पार्दै उहाँ उपाधि जित्न सफल हुनुभएको हो ।

निर्धारित ४२ दशमलव १९५ किमि दूरी बुढाले चार घण्टा १० मिनेट ५१ सेकेण्डमा पार गर्नुभएको थियो । "देशका लागि अन्तर्राष्ट्रिय प्रतियोगिता खेल्ने लक्ष्य छ, अब त्यसकै अभ्यासमा लाग्छु", बुढाले भन्नुभयो, "खेलमा लागेर विदेश भौंतारिने अवस्था नआओस्, सरकारले पनि खेलाडीलाई हेरोस् भन्न चाहन्छु ।"

जुम्लाको कनकासुन्दरी गाउँपालिका-१ की भण्डारीले मामा धीराबहादुरको साथ र हौसलाले आफू म्याराथनमा आएको बताउनुभयो। "मामाले जानुपर्छ, प्रतियोगितमा भाग लिनुपर्छ भनेपछि म यहाँ आएकी हुँ, आज धेरै खुसी छु", उहाँले भन्नुभयो, "ज्यानकै बाजी मारेर कुद्नुपर्छ, तर सफलता हात लाग्दा त्यो सबै भुलिँदोरहेछ ।"

भण्डारीले पाँच घण्टा ४३ मिनेट दुई सेकेण्डमा दूरी पार गर्नुभएको थियो । ओरालो भूभाग भएकाले पहिलेको भन्दा यसपालिको म्याराथनमा केही गाह्रो भएको भण्डारीले सुनाउनुभयो । चार हजार एक सय मिटर उचाइको अन्नपूर्ण आधार शिविरबाट शनिबार बिहान ७ बजे म्याराथन सुरु भएको थियो। माछापुच्छ्रे आधार शिविर, बगर, देउलारी हुँदै कास्कीको अन्नपूर्ण गाउँपालिका-११ घान्द्रुकमा आएर म्याराथन सकिएको थियो ।

भण्डारीले यसअघि जुम्ला र मुगुको रारातालमा भएको म्याराथनमा दोस्रो स्थान हासिल गर्नुभएको थियो। १२ कक्षा उर्त्तीण उहाँले म्याराथनलाई निरन्तरता दिने उल्लेख गर्नुभयो। उपाधि विजेता बुढाले नगद रु एक लाख ५० हजार र भण्डारीले रु ७५ हजारसहित मेडल र प्रमाणपत्र प्राप्त गर्नुभयो। पुरुषतर्फ नेपाली सेनाका होमलाल श्रेष्ठले चार घण्टा १२ मिनेट १९ सेकण्डमा उक्त दूरी पार गर्दै उपविजेता बन्नुभयो ।

तेस्रो स्थान बनाउन सफल नेपाली सेनाकै वेदबहादुर सुनवारले चार घण्टा १६ मिनेट ४८ सेकेण्डमा दूरी पार गर्र्नुभएको थियो । उपविजेता बन्न सफल श्रेष्ठले रु एक लाख र तेस्रो स्थान हासिल गर्नुहुने सुनुवारले रु ७५ हजारसहित मेडल र प्रमाणपत्र प्राप्त गर्नुभयो ।

महिलातर्फ धादिङकी रशिला तामाङले छ घण्टा पाँच मिनेट दुई सेकेण्डमा निर्धारित दूरी पार गर्दै उपविजेता बन्नुभयो । छ घण्टा ११ मिनेट १६ सेकेण्डमा दूरी पार गर्दै ओखलढुङ्गाकी चोकी शेर्पाले तेस्रो स्थान हासिल गर्नुभयो । उपविजेता तामाङले नगद रु ५० हजार र तेस्रो स्थान बनाउन सफल शेर्पाले नगद रु २५ हजारसहित मेडल र प्रमाणपत्र प्राप्त गर्नुभयो । विजेता खेलाडीलाई गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डले पुरस्कार प्रदान गर्नुभएको थियो ।

म्याराथन प्रतियोगितामा पुरुषतर्फ ४२ र महिलातर्फ नौ धावकले सहभागिता जनाएका थिए । अन्नपूर्ण आरोहण दिवसको अवसर पारेर अन्नपूर्ण सेञ्चुरी पर्यटन महोत्सवसँगै म्याराथन प्रतियोगिताको आयोजना गरिएको अन्नपूर्ण सेञ्चुरी पर्यटन समितिका अध्यक्ष ललित गुरुङले बताउनुभयो ।

गत बुधबारदेखि सुरु भएको पर्यटन महोत्सवमा भलिबल, बास्केटबललगायतका प्रतियोगिता पनि आयोजना गरिएको थियो ।

पछिल्ला दुई वर्ष कोभिड-१९ महामारीका कारण रोकिएको पर्यटन महोत्सव र म्याराथनलाई यो वर्षदेखि पुनः निरन्तरता दिइएको हो। सन् १९५० जुन ३ तारिखमा पहिलोपटक फ्रान्सेली नागरिक मौरिस हर्जोगले अन्नपूर्ण हिमाल आरोहण गरेको सम्झनामा बर्सेनि जुन ३ तारिखमा अन्नपूर्ण आरोहण दिवस मनाउने गरिन्छ ।

# मैथिली इतिहास, भाषा र सहित्यमाथि विमर्श हुने

जनकपुरधाम । मैथिली भाषा, साहित्य र कलाका क्षेत्रमा विचारमन्थन गर्ने उद्देश्यससहित जनकपुरधाममा तीन दिवसीय विमर्श कार्यक्रम हुने भएको छ ।

शनिबार जनकपुरधाममा आयोजित पत्रकार सम्मेलनमा अयोजक संस्था विमर्श फाउण्डेशनका अध्यक्ष विभा झाले यही जेठ २६-२८ सम्म तीन दिने 'विमर्श एक दीप चेतनाक' कार्यक्रम आयोजना गर्न लागिएको जानकारी दिनुभयो ।

उहाँले तीन दिनमा जनकपुरको समृद्ध इतिहास र वर्तमान, मैथिली साहित्यको समकालीन परिदृश्य, उद्योग, जलाधार संरक्षण, राजनीति, स्त्री विमर्श, कवि सम्मेलन, साहित्यिक तथा सांस्कृतिक सन्ध्यालगायतका कार्यक्रममा हुने बताउनुभयो । कार्यक्रममा सहयोगी संस्था नेपोटिभ टायल्सका सञ्चालक श्यामनाथ झाले करिब रु १२ लाखको लागत अनुमान गरिएको कार्यक्रम कुनै दातृ तथा सहयोगी संस्थाबाट सहयोग नलिई आफ्नो आम्दानीबाट खर्च आयोजना गर्न लागिएको बताउनुभयो ।

कार्यक्रममा साहित्यकार रमेशरञ्जन झाले विमर्शका माध्यमबाट नेपालीपछि सबैभन्दा बढी बोलिने मैथिली भाषा, यहाँको साहित्य, दर्शन र समकालीन समाजका सिर्जनाका विषयमा एउटा निष्कर्षमा पुग्न सघाउ पुग्ने विश्वास व्यक्त गर्नुभयो। मैथिली विकास कोषका अध्यक्ष जीवनाथ चौधरीले कार्यक्रमलाई मैथिली साहित्यको महोत्सवका रूपमा मनाउन सबैलाई सहयोगका लागि आग्रह गर्नुभयो ।


## ज्वालामुखी गाउँपालिका
## गाउ कार्यपालिकाको कार्यालय

सांदभञ्ज्याङ, धादिङ
बागमती प्रदेश नेपाल
E-mail: info@jwalamukhimun.gov.np

**प्रस्ताव आव्हानको सूचना ।**

प्रकाशित मिति :२०८०/२/२१

नवप्रवर्तन साझेदारी कार्यक्रम अन्तर्गत ज्वालामूखी गाउँपालिका र मुख्य मन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, बागमती प्रदेश, हेटौडा वीच भएको द्विपक्षिय संझौता अनुसार खाद्यान्न वाली तर्फ मल खरिद कार्यक्रम रहेकाले अर्गानिक (प्राङ्गारिक मल) आपुर्ति गर्न ईच्छुक व्यवसायीले तपसिल अनुसारको कागजात सहित यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.स | स्पेशिफिकेशन | परिमाण | रकम | धरौटी रकम |
|---|---|---|---|---|
| १ | प्राङ्गारिक मल ३ के.जी को प्याकेट (सबै बोट विरुवाको लागि उपयुक्त) | ६५०० | १७,५५,०००/- | ४५०००/- |

**संलग्न कागजात**

१. व्यवसायीको आधिकारिक निकायमा दर्ता भएको प्रमाणपत्र प्रतिलिपि ।
२. स्थायी लेखा नम्वर प्रमाणपत्रको प्रतिलिपि ।
३. करचुक्ता र नविकरण गरेको प्रमाणपत्रको प्रतिलिपि ।
४. लागत अनुमान।

**बैंकको विवरण**

नेपाल ईन्भेस्टमेन्ट मेगा बैंक लि.
खाताको नामः स्थानीय तह धरौटी खाता
खाता नः १६६०१४०००००४८

प्रमुख प्रशासकीय अधिकृत


प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालयः नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : सुजन रेग्मी, Email : pratyushdainik@gmail.com